# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा–३, विष्णुपुरा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:– २०८०/०८१

चलानी नं.:–

मिति:२०८०-०४-१४

## सहकारीका सदस्य, वचतकर्ता तथा ऋणीहरुको लागि सूचना।

सहकारी संस्थाहरुबाट ऋण लिई केही सदस्यहरुले तोकिएको भाका भित्र नियमित किस्ता, सावाँ, व्याज नबुझाउने सदस्यहरुलाई ऋणको किस्ता नियमित गर्न, भाका भित्र सावाँ र व्याज बुझाउन ताकेता गर्दा समेत ऋणको किस्ता र सावाँ, व्याज बुझाउन अटेर गरेको कारणले सदस्यहरुको वचत रकम फिर्ता गर्न र संस्था संचालन गर्न समस्या परेकोले ऋणीहरुले भाका भित्र नतिरेका ऋण असुलीमा सहजीकरण गरिदिन भनि रुपन्देही जिल्ला सहकारी संघबाट पत्र मार्फत अनुरोध भई आएको हुँदा गैडहवा गाउँपालिका कार्यक्षेत्र रही संचालनमा रहेका सहकारी संस्थाबाट ऋण लिएका सदस्यहरुलाई तोकिएको भाका भित्र ऋणको किस्ता, व्याज तथा सावाँ तिरी कालोसूचीमा पर्नबाट र प्रचलित कानून अनुसारको कारवाहीबाट जोगिनुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै, सहकारी संस्थाहरु बैंक होइनन् ,यी संस्थाहरुमा सदस्यहरुको प्रजातान्त्रिक नियन्त्रण हुन्छ, सहकारीको सुशासनको लागि सदस्यहरुको निरन्तर निगरानी आवश्यक हुन्छ । अत:

१. सहकारी संस्थाको साधारण सभामा अनिवार्य उपस्थित हुने र संस्थाको कारोवारको बारेमा नियमित रुपले जानकारी लिने ।
२. नियमित साधारण सभा नगराउने सहकारी संस्थाको बारेमा गाउँपालिकामा जानकारी गराउने ।
३. संचालक समितिका पदाधिकारीहरुको आनिबानी र इमान्दारिताका बारेमा नियमित जानकारी लिने ।
४. बढी व्याजको लोभमा लामो अवधिको अत्यधिक बचत नगर्ने ।
५. कार्यक्षेत्र भन्दा बाहिर गएर कारोवार गर्ने संस्थासँग कारोवार नगर्ने ।
६. संचालक समितिका पदाधिकारीहरुको पहिचान गरेर मात्र संस्थासँग कारोवार गर्ने र नियमित संवाद र सम्पर्कमा रहने ।
७. आवधिक वचत जम्मा गर्दा जिम्मेवार पदाधिकारीको हस्ताक्षरयुक्त कागजातसहित निक्षेप निस्सा लिने ।

पुनश्च, सहकारीको ऋण तिर्नु पर्दैन भन्ने अनर्गल हल्लाका पछाडी नलाग्नुहुन समेत अनुरोध छ ।

२०८०।४।१४

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

गैडहवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय विष्णुपुरा, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल २०७३

E-mail: gaidahawagaupalika@gmail.com

Website: gaidahawamun.gov.np